# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्धारा प्रकाशित

खण्ड ४) वीरेन्द्रनगर, सुर्खेत, पुष २८ गते, २०७८ साल (संख्या १४

## भाग-३

### कर्णाली प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

**प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७८**

प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी कार्यविधि, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्ले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी कार्यविधि, २०७६ को दफा ३ मा संशोधनः</u>** प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी कार्यविधि, २०७६ को दफा ३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) बमोजिम सेवा करारबाट कामकाज गराउने प्रयोजनका लागि स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति नभएका रिक्त पद, असाधारण विदा लिएको पद, विशेष उद्देश्यले सञ्चालन गरिएका कार्यक्रमका लागि आवश्यक जनशक्तिको व्यवस्था गर्न सृजना गरिएका अस्थायी वा बेतलवी अध्ययन विदामा रहेका सहायक पाँचौं तह र अधिकृत सातौं तह तथा स्वास्थ्य सेवाको अधिकृत आठौं र नवौं तहको चिकित्सक सेवा करारमा लिन सकिनेछ।"

**आज्ञाले,**

भरत कुमार शर्मा

प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित